लुम्बिनी प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय

# डिभिजन वन कार्यालय, बाँके

नेपालगंज, नेपाल

शंकर प्रसाद गुप्ता
सिनियर डिभिजनल वन अधिकृत

प.सं. ०८२/०८३ (वन व्यवस्थापन)

## गोलिया काठ/दाउरा बोलपत्रद्धारा लिलाम बिक्रीको सूचना

प्रथम पटक सूचना प्रकाशन मितिः २०८३/०१/०९ गते बुधबार

यस कार्यालयलाई विभिन्न निकायबाट प्राप्त भएको विभिन्न जातको थान ४९८ को २९०६.४६ घ.फि. गोलिया काठ र विभिन्न जातको १२.५ चट्टा दाउरा हाल जे-जस्तो अवस्थामा छ, सोही अवस्थामा आफनै खर्चमा उठाई लैजानु पर्ने गरि प्रथम पटक लिलाम बिक्री गर्नुपर्ने भएकोले ईच्छुक काठ तथा दाउरामा आधारित उद्योग सञ्चालन गर्ने भनी प्रचलित कानून वमोजिम दर्ता तथा नविकरण भएका उद्योगले यो सूचना प्रथम पटक गोरखापत्र राष्ट्रिय दैनिक पत्रिकामा मिति २०८३/०१/०९ गते प्रकाशित भएको मितिले २१ औं दिनभित्र यस कार्यालय वा वन निर्देशनालय, बुटवल, रुपन्देहीबाट बोलपत्र खरिद गरी खरिद गरिएकै कार्यालयमा मिति २०८३/०१/३० गते दिनको ३:०० बजेसम्म दर्ता गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

| लट नं.१ | घाटगद्दी स्थान | प्रजाति | ग्रेड | थान | परिमाण (घ.फि.) | दर (रु.) | न्युनतम रकम (रु.) | संकलन खर्च (रु.) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | खजुरा गा.पा. वडा नं. ७ | वृक्षारोपण सिसौं | A | १९ | १२३.१७ | ७०० | ८६२१९.०० | ३४३७६४.०० | |
| | | वृक्षारोपण सिसौं | B | २६० | ५९३.२३ | ५०० | २९६६१५.०० | | |
| | | जामुन | B | ३ | १९.६४ | ३०० | ५८९२.०० | | |
| | | जामुन | C | ३५ | ८७.७२ | १०० | ८७७२.०० | | |
| | | सागवान | A | ३ | ३३.९७ | ८०० | २७१७६.०० | | |
| | | सागवान | B | १२ | ३२.४१ | ६०० | १९४४६.०० | | |
| | | सिरिस | A | ३ | ३३.१२ | ३०० | ९९३६.०० | | |
| | | सिरिस | B | ५ | २४.९९ | २०० | ४९९८.०० | | |
| | | सिमल | - | १३ | १६६.९८ | १५० | २५०४७.०० | | |
| | | आप | - | ९ | २३.१५ | २०० | ४६३०.०० | | |
| | | निम | - | २ | ७.१२ | १०० | ७१२.०० | | |
| | | मसला | - | ८९ | ४९३.३७ | १२५ | ६१६७१.२५ | | |
| | | जम्मा काठ | | ४५३ | १,६३८.८७ | | ५५१११४.२५ | | |
| | | सिसौं/सागवान (दाउरा) | | | ३.०० | १२००० | ३६०००.०० | | |
| | | अन्य (दाउरा) | | | ७.५० | ४००० | ३००००.०० | | |
| लट नं.१ को जम्मा | | | | | | | ६१७११४.२५ | | |
| २ | वैजनाथ गा.पा. वडा नं. ६ | सिमल | - | ४५ | १२६७.५९ | १५० | १९०१३८.५० | ९२५२९.६० | |
| | | सिमल (दाउरा) | | | २.० | ४००० | ८०००.०० | | |
| लट नं.२ को जम्मा | | | | | | | १९८१३८.५० | | |

शर्त तथा नियमहरुः

१) बोलपत्र खरिद गर्ने अन्तिम मिति र समय

क) अन्तिम मितिः २०८३/०१/२९ गते मगंलबार ख) समयः कार्यालय समय सम्म

लुम्बिनी प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय

# डिभिजन वन कार्यालय, बाँके

नेपालगंज, नेपाल

प.सं. ०८२/०८३ (वन व्यवस्थापन)

२) बोलपत्र दाखिला गर्ने अन्तिम मिति र समय
क) अन्तिम मितिः २०८३/०१/३० गते बुधवार    ख) समयः दिउसो ३:०० सम्म

३) बोलपत्र फारामको दस्तुर रु. एकलाख सम्मको रु. ३००।-, रु. १ लाख देखि १० लाख सम्मको रु. १,०००।- र सो भन्दा माथीको रु. २,०००।- (पछि फिर्ता नहुने गरी) तिरी यस कार्यालय वा वन निर्देशनालय, बुटवल, रुपन्देहीवाट गोरखापत्र राष्ट्रिय दैनिक पत्रिकामा मिति २०८३/०१/०९ गते बुधबार सूचना प्रकाशित भएको मितिले २१ औं दिनभित्र खरिद गरी मिति २०८३/०१/३० गते दिउसो ३:०० बजे सम्म बोलपत्र खरिद गरिएकै कार्यालयमा दर्ता गर्न सकिनेछ ।

४) खरिद गरिएका बोलपत्र साथ कबोल गरेको रकमको १० प्रतिशले हुन आउने रकम कोष तथा लेखा नियन्त्रण कार्यालय, बाँकेको प्रदेश धरौटी खाता नं. ४१३०१००२०२०३०००० (ख-२-३) मा नगद जम्मा गरेको सक्कल भौचर समावेश गरी पेश गर्नुपर्नेछ ।

५) वैङ्क जमानत कागज धरौटीको रुपमा पेश गरिएमा त्यस्तो जमानत कम्तिमा ६ महिना सम्मको लागि हुनु पर्नेछ ।

६) लिलाम बढाबढ हुने वन पैदावारहरु उपरोक्तानुसार घाटगद्धी स्थलमा गइ हेर्न सकिनेछ ।

७) लिलाममा भाग लिन ईच्छुक काठ तथा दाउरामा आधारित उद्योग सञ्चालन गर्ने भनी प्रचलित कानून बमोजिम दर्ता तथा नविकरण भएका उद्योगका प्रोप्राइटरले नेपाली नागरिकताको प्रमाणपत्रको छाँयाप्रति, कर चुक्ता प्रमाण पत्रको छाँयाप्रति, मु.अ.क. दर्ता प्रमाणपत्रको छाँयाप्रति वा स्थायी लेखा नम्वर दर्ता प्रमाणपत्रको छाँयाप्रति (नवीकरण भएका मात्र) र सूची दर्ताको प्रमाणपत्रको छाँयाप्रति बोलपत्र साथ पेश गर्नुपर्नेछ ।

८) निर्धारित गरिएको न्यूनतम संख्याका र रितपूर्वक पर्न आएका बोलपत्रहरु यस कार्यालय वा वन निर्देशनालय, बुटवल, रुपन्देहीबाट प्राप्त भएपछि साक्षीहरुको रोहवरमा खोलिनेछ ।

९) लिलाम स्वीकृत भएको जानकारी प्राप्त भएको वा कार्यालयको सूचना पाटीमा सूचना टाँस गरिएको मितिले १५ दिन भित्र सकार गरेको रकम, सङ्कलन खर्च तथा निर्धारित मूल्य अभिवृद्धि कर समेत बुझाई लिलाम चढाएको वन पैदावार तोकिएको अवधि भित्र उठाई लैजानु पर्नेछ ।

१०) बोलपत्रमा सकार गरिएको रकम अङ्क र अक्षर दुवैमा प्रष्ट लेख्नु पर्छ । अङ्क र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ ।

११) छुट्टाछुट्टै लटको लागि छुट्टाछुट्टै बोलपत्र खरिद गरी पेश गर्नु पर्नेछ ।

१२) कटान मुछान तथा घाटगद्धी खर्च छुट्टै बुझाउनु पर्नेछ ।

१३) तोकिएको समय भित्र सकार रकम, मु.अ.कर, सङ्कलन खर्च र अन्य बुझाउनु पर्ने रकम बुझाउन नआएमा वा नबुझाएमा तत्काल धरौटी जफत गरी नियमानुसार गरिनेछ ।

१४) बोलपत्र स्वीकृत गर्ने नगर्ने अधिकार यस कार्यालयमा निहित रहने छ ।

१५) उपरोक्त वाहेक अन्य कुराको हकमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७, वन पैदावार सङ्कलन तथा बिक्री वितरण निर्देशिका, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम हुनेछ ।

१६) अन्य जानकारीको लागि कार्यालय समयमा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

१७) बोलपत्र खरीद गर्ने दिनमा सार्वजनिक विदा परेमा त्यसको भोलिपल्ट वा कार्यालय खुलेको समयमा तोकिएको समयभित्र खरिद गरी त्यसको भोलीपल्ट तोकिएको समयभित्र दाखिला गर्न सकिनेछ ।